# चराहरु

-घनश्याम खड्का

आजभोली
म प्रश्न गर्छु आफैसँग
र भन्छु
किन थाक्दैनन् हँ यी चरा
गाउँदा स्वतन्त्रत्राका गीतहरु ?!

चराहरु
साँच्दैनन् एक गेडो धान
र पनि किन मर्दैनन् भोकले ?!
चराहरु
खाञ्न सक्दैनन् एक थोपो पानी
भविष्यको नाममा
र पनि किन मर्दैनन् प्यासले ?!

अचम्म ?!
छैन कुनै कानुन चराको राज्यमा
र छैन कुनै चोर पनि चराको देशमा
छाती भरिभरि वेदना खोपेर हाँस्न अभिसप्त
पलपलमा
आफू सग्लो हुनुको अनुभूति जलाएर बाँच्न अभिसप्त
हामी मान्छेको हुलमा पनि
यति खुसी किन छन् चराहरु ?!
यति स्वतन्त्र कसरी छन् चराहरु ?!

आजभोली म प्रश्न गर्छु आफैंसँग
र भन्छु-
त्रासदी, विक्षिप्तता र तनाबमा पनि
किन कहिल्यै रुँदैनन् चराहरु ?!
आमा हो ?!
गाँठी कुरो त युद्धै गर्दैनन् चराहरु ?!
मेटेर मानचित्रका साराका सारा रक्तिम घेराहरु
पुछेर खोक्रो राष्ट्रियताका भएभरका अर्थहीन धर्काहरु
मेरी बास्सै
बिना कुनै सुरक्षा जाँच
बिना कुनै अनुमति पत्र
र बिना कुनै राहदानी
कसरी ढुक्कसँग संसारको फन्का मार्छन् हँ यी चराहरु ?!